# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय, बल्खु, काठमाडौं ।

**मिति:२०७९/०३/२२**

## BCA पहिलो सेमेस्टरको सत्रान्त परीक्षा फाराम भर्ने सम्बन्धी जरुरी सूचना

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित BCA कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२१ का नियमित तथा सोभन्दा अघिका आंशिक परीक्षार्थीहरूको **पहिलो सेमेस्टर**को सत्रान्त परीक्षा वि.सं. २०७९ साल श्रावण अन्तिम हप्ताबाट सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०७९ साल श्रावण ११ गते (विलम्ब दस्तुरमा श्रावण १८ गते) सम्म आ-आफ्नै क्याम्पस/कलेजहरूमा परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ । साथै, सम्बन्धित क्याम्पस/कलेजहरूले फारामहरू रुजु गरी अंग्रेजीको वर्णानुक्रमानुसार मिलाई प्रति विद्यार्थी रु. २५००/- (दुई हजार पाँच सय) का दरले यस कार्यालयको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखामा रहेको चल्ती खातामा श्रावण १५ गतेभित्र जम्मा गरेको सक्कल भौचर तथा विलम्ब दस्तुरको श्रावण २० गतेभित्र जम्मा गरेको सक्कल भौचर र आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क सहित अनिवार्यरूपले २०७९ साल श्रावण २२ गतेभित्र यस कार्यालयमा पठाउनुहुन अनुरोध गरिन्छ । साथै, विद्यार्थीहरूको नामावली Excel File मा संलग्न ढाँचामा तयार गरी Soft Copy समेत E-mail (tufohss.ma@gmail.com) बाट वा Pen drive मार्फत पठाइदिनुहुन समेत अनुरोध गरिन्छ ।

**पुनश्च:**

- परीक्षा आवेदन फाराम यस कार्यालयबाट प्राप्त गर्न सकिने छ । साथै, यस कार्यालयको Website: www.tufohss.edu.np बाट Download गरी प्राप्त गर्न सकिने छ ।
- पहिलो सेमेस्टरमा परीक्षा फाराम भरेका विद्यार्थीहरूको परीक्षा फारामको माथि प्रवेश परीक्षा उत्तीर्ण गरेको क्रमसङ्ख्या अनिवार्य रुपमा लेखेको हुनुपर्ने छ । क्रमसङ्ख्या नलेखी पठाइएका फारामहरूको प्रवेश पत्र वितरण नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।
- आन्तरिक परीक्षाको प्राप्ताङ्क विषयगत रुपमा सम्बन्धित विषय शिक्षकको हस्ताक्षर सहित छुट्टा छुट्टै खाममा सिलबन्दी गरी पठाउनु हुन अनुरोध गरिन्छ । आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क प्राप्त नभएका परीक्षार्थीहरूको परीक्षा फाराम बुझिने छैन ।
- प्रयोगात्मक परीक्षा तथा Viva २०७९ साल श्रावण २६ गतेभित्र सम्बन्धित क्याम्पस /कलेजमा नै सञ्चालन हुनेछ । प्रयोगात्मक परीक्षा शुल्क रु. १५०० निर्धारण गरिएको छ ।
- परीक्षार्थीहरूले त्रि.वि. दर्ता नं. अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. दर्ता नं. नभएका परीक्षार्थीहरूको फाराम नबुझिने व्यहोरा समेत जानकारी गराइन्छ ।
- सम्बन्धित क्याम्पस /कलेजले नवीकरणपत्रको प्रतिलिपि तथा विनियोजन शाखामा सेवा शुल्क तिरेको रसिदको प्रतिलिपि परीक्षा फाराम सँगै अनिवार्य रुपमा संलग्न गरेको हुनुपर्ने छ ।

**सहायक डीन**